# कक्षा ४ को मेरो नेपाली किताबको पाठ्यक्रमअनुरूपताको अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा
शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको
नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

## शोधपत्र


**शोधकर्ता**

**सरिता ढकाल**

परीक्षा रोल नं. : २१४०५८७

त्रि.वि. दर्ता नं. : ९-२-९-७९५-२००२

नेपाली भाषा शिक्षा विभाग

शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ


२०६७

# शोध निर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **“कक्षा ४ को मेरो नेपाली किताबको पाठ्यक्रमअनुरूपताको अध्ययन”** शीर्षकको शोधपत्र शोधार्थी सरिता ढकालले मेरो निर्देशनका साथ तयार पार्नुभएको हो । कडा मिहिनेत र निर्देशनका साथ तयार पारिएको यस शोधकार्यप्रति म सन्तुष्ट छु र मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

**मिति :** २०६७/ /

# कृतज्ञता - ज्ञापन

कुनै पनि अध्ययन आफैँमा कठिन र चुनौतीपूर्ण कार्य हो । खोजमूलक कार्यका लागि अझै परिश्रम र उचित मार्गदर्शनको आवश्यकता पर्दछ । **"कक्षा ४ को मेरो नेपाली किताबको पाठ्यक्रमअनुरूपताको अध्ययन"** शीर्षकको यो शोधपत्र शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्ष नेपाली शिक्षा ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो । प्रस्तुत शोधपत्रले पाठ्यक्रमअनुरूप पाठ्यपुस्तकको अध्ययन गर्न चाहनेहरूका निम्ति केही सहयोग मिल्ने मैले विश्वास लिएकी छु । प्रस्तुत शोधपत्रको तयारीका क्रममा मैले विभिन्न विद्वानहरूबाट आवश्यक सहयोग प्राप्त गरेकी छु । सर्वप्रथम शोध निर्देशक गेहेन्द्र खनालप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

सन्तानको प्रगतिका लागि सदैव आशीर्वाद दिइरहनुहुने मेरा पूजनीय बुबा गोपाल ढकाल तथा आमा सीता ढकालप्रति म सदा ऋणी छु । मेरो यो अध्ययन पूरा गर्न अमूल्य सहयोग र अवसर जुटाइदिएर समर्पित हुने सहृदयी जीवनसँगी ऋषिराज धिमाल र आफ्ना अबोध बालसुलभ हातहरूले मेरो लेख्ने कलमलाई थुत्दै र बङ्ग्याइदिँदै मेरो लेखन कार्यलाई आह्लादपूर्ण बनाउन सहयोग पुऱ्याउने प्यारी छोरी दृष्टिकालाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

यो शोधपत्र तयार गर्ने क्रममा ठूलो साथ र सहयोग गर्नुहुने आदरणीय बुबाआमा खडानन्द धिमाल र लमाया धिमालप्रति आभार व्यक्त गर्दछु । त्यसैगरी अध्ययन कार्यमा प्रा.वि.को पाठ्यक्रम उपलब्ध गराइदिनुहुने जनता उच्च मावि पथरीका प्रधानाध्यापक मेघनाथ ओझा, शोधपत्र कम्प्युटर टाइप गरी सहयोग गर्नुहुने बुद्ध बिष्टप्रति पनि म हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, मेरो यो शोधपत्रको मूल्याङ्कन गरी स्वीकृति प्रदान गर्नुहुने मूल्याङ्कन समितिका मेरा आदरणीय विद्वान् गुरुहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

**सरिता ढकाल**

# शोधसार

## १. शोधशीर्षक

'कक्षा ४ को मेरो नेपाली किताब को पाठ्यक्रम अनुरूपताको अध्ययन' रहेको छ ।

## २. शोध उद्देश्यहरू

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रम (२०६२) मा अन्तर्निहित उद्देश्यानुरूप वर्तमान "मेरो नेपाली किताब कक्षा ४" को विश्लेषणात्मक अध्ययन गर्नु ।

ख) वि.सं २०६२ को परिमार्जित पाठ्यक्रमले तोकेको विधा र क्षेत्रका आधारमा पाठ्यपुस्तकका पाठहरूको अध्ययन गर्नु ।

ग) पाठ्यक्रमले निर्दिष्ट गरे बमोजिम पाठ्यपुस्तकमा कार्यमूलक व्याकरण र उपयुक्त शब्दभण्डार समावेश भए/नभएको अध्ययन गर्नु ।

घ) पाठ्यक्रम अनुरूपताको आधारमा देखापरेका कमीकमजोरी पत्ता लगाइ सुधारका लागि सुझाव प्रस्तुत गर्नु ।

## ३. शोध सीमा

प्रस्तुत शोधपत्रका अध्ययनका सीमाहरू निम्नानुसार रहेका छन् :

क) पाठ्यक्रमले तोकेका उद्देश्यहरूका आधारमा पाठ्यपुस्तकको अध्ययन गरिएको छ ।

ख) पाठ्यक्रमले निर्दिष्ट गरेको क्षेत्र तथा क्रमको आधारमा पाठ्यपुस्तकको विषयक्षेत्र, क्रम समावेश गरिएका विधाहरू तथा त्यसको सान्दर्भिकता अध्ययन गरिएको छ ।

ग)	पाठ्यक्रमले निर्धारण गरेअनुरूप व्याकरण पक्ष व्यावहारिक तथा सान्दर्भिक भए नभएको बारे खोजी गरिएको छ ।

घ)	हिज्जे, चिह्न, शब्द चयन, कथा, कविता, चित्र आदि सबैको पाठ्यक्रम अनुरूपताको आधारमा अध्ययन गरिएको छ ।

ङ)	पाठ्यपुस्तकमा देखिएको कमी, कमजोरीहरू तथा आवश्यक सुझावहरूको खोजी गरिएको छ ।

## ४. शोध विधि

प्रस्तुत शोधपत्र विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तकसँग सम्बन्धित भएकोले यसमा विशेष गरी विश्लेषणात्मक, तुलनात्मक तथा अनुसन्धानात्मक विधि अपनाई शोधकार्य गरिएको छ । जसमा कक्षा ४ को नेपाली किताबको पाठ्यक्रम र पाठ्यपुस्तकलाई मुख्य अध्ययन साधनको रूपमा लिइएको छ । यसमा तुलनात्मक अध्ययन विधिलाई मुख्य विधिको रूपमा प्रयोग गरिएको छ ।

## ५. शोध निष्कर्ष

**क**)	पाठ्यपुस्तकको बाहिरी आवरण र पृष्ठको चित्र रङ्गीन र आकर्षक चित्रमा रहेका पाइन्छन् । बालबालिकाको ध्यानाकर्षण गर्ने प्रकारकै देखिन्छ ।

**ख**)	पाठ्यक्रमअनुरूपताकै आधारमा पाठ्यपुस्तकमा समावेश भएका विधाका क्षेत्रहरू छन् । जस्तैः- बालकथा, कविता, प्रवन्ध, संवाद, चिट्ठी, निवेदन, गाउँखाने कथा, चुट्किला आदि समावेश गरिएका भए पनि पाठहरूमा भन्दा अभ्यासहरूमा बढी चुट्किला र गाउँखाने कथाहरू राखिएको पाइन्छन् ।

**ग**)	भाषिक संरचना र शैलीका आधारमा ‘मेरो नेपाली किताब’ का पाठहरू केही सरल र सरस नै देखिन्छन् । यसलाई पाठ्यपुस्तकको सकारात्मक पक्ष नै मान्नुपर्छ ।

**घ)** कक्षा ४ को पाठ्यपुस्तकमा विषयवस्तुका क्षेत्रहरू स्पष्ट रूपमा यी विषयसूची भित्र यी पाठ्यशीर्षकहरू राखिएका छन् भनी तोकिएको पाइँदैन तर माथिल्लो कक्षामा स्पष्ट तोकिएको पाइन्छ ।

**ङ)** 'मेरो नेपाली किताब' मा प्रयुक्त चित्रहरू ६३ वटा राखिएका छन् । जुन सान्दर्भिक र आकर्षक देखिन्छन् । यो पनि पाठ्यपुस्तकको सकारात्मक पक्ष नै हो । पाठअनुसारको थोरै भएको पाइन्छ ।

**च)** प्राथमिक तहमा प्रयुक्त वाक्यहरू बढीमा ६।७ शब्दहरू प्रयोग गरी निर्माण गरिएको हुनुपर्नेमा पाठयक्रमको उद्देश्यको विपरीत १२।१३ शब्दहरू समेत प्रयोग गरिएको पाइन्छ जुन कक्षाको स्तरअनुरूप भएको देखिँदैन ।

**छ)** कक्षा ४ मा कविता विधातर्फ ५ वटा कविताका पाठहरू समावेश गरिएका छन् । जुन पाठहरू पद्यात्मक शैलीमा मात्र लेखिएका पाइन्छन् ।

**ज)** पुस्तकसम्बन्धी सुझाव, टीका टिप्पणी राख्न पाइने राय सुझाव दिन सकिने कुरालाई राम्रो पक्ष मान्न सकिन्छ ।

**झ)** कक्षा ४ मा व्याकरण सम्बन्धी अभ्यासहरू न्यून मात्रामा रहेको पाइन्छ ।

**ञ)** भाषिक सीप विकासका क्षेत्र अन्तर्गत सुनाइ र बोलाइ सीपलाई कम महत्व दिएको पाइन्छ ।

**ट)** भाषिक शुद्धतासम्बन्धी अभ्यासहरू पाठ्यपुस्तकको सुरूसुरूमै राखिनु राम्रो पक्ष मान्न सकिन्छ ।

**ठ)** अभ्यासका प्रायजसो समस्या शब्दभण्डारमै आधारित गरी निर्माण गरिएको छ । अभ्यासमा दिएका प्रश्नहरू पाठअनुरूप र स्तरअनुकूल नै रहेका छन् ।

**ड)** पाठयक्रमले निर्दिष्ट गरेबमोजिम कथा, कविता, प्रवन्ध, संवाद, चिठ्ठी लेखन, निवेदन लेखन आदि पर्याप्त भएको देखिँदैन ।

**ढ)** प्राथमिक तहको पाठयक्रम तथा पाठ्यपुस्तकमा विधागत आधारमा अङ्क विभाजन गरिएको छैन ।

**ण)** उखानटुक्का पाठमा नभई अभ्यासमा रहेको पाइन्छ ।

**त)** कविता विधामा कविको चिनारी राखिएको छैन ।

**थ)** चुट्किलाको प्रयोग पाठमा न्यून मात्रामा भएको पाइन्छ ।

**द)** प्राथमिक स्तरमा पाठको सुरूमा कविता राख्नु उपयुक्त हुँदैन । त्यसमा पनि 'गाउँछ गीत नेपाली' कविता स्तरअनुरूप नभई क्लिष्ट रहेको देखिन्छ । यस कवितामा बढी जटिल शब्द प्रयोग भएका छन् । जुन कक्षा ४ को निम्ति सुरूमै त्यति उपयुक्त हुँदैन ।

**ध)** पाठ्यपुस्तकमा हाँस्यव्यङ्गात्मक पाठहरू समावेश गरिएका छैनन् ।

**न)** प्राथमिक तहको पाठ्यपुस्तकमा विधागत आधारमा अङ्कभार विभाजन गरिएको छैन ।

**प)** पाठ्यपुस्तकको सिलाइ एकदमै कमजोर खालको देखिन्छ । सिलाइ बलियो धागोले हुनुपर्ने त्यस्तो प्रकारको छैन । त्यसैले पुस्तकको सिलाइ दह्रो बनाउन आवश्यक देखिन्छ ।

## ६. सुझावहरू

पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित 'कक्षा ४ को अनिवार्य विषयको मेरो नेपाली किताब' र पाठ्यक्रम अनुरूप भए नभएको बारेमा गरिएको अध्ययन विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ :-

**क)** पाठ्यक्रममा तोकिएको उद्देश्यअनुसार पाठहरू समेट्नु पर्ने ।

**ख)** पाठ्यक्रममा तोकिएका पाठहरू तल्लो कक्षा र माथिल्लो कक्षासँग क्रम मिल्ने गरी सरलबाट जटिल रूपमा प्रस्तुत गर्नुपर्ने ।

**ग)** पाठहरूको सङ्गठन पनि क्रमशः सरलबाट जटिल रूपमा समेट्नु पर्ने ।

**घ)** पाठ्यक्रमले निर्दिष्ट गरेबमोजिम शिक्षण सिकाइ क्रियाकलाप र विधिहरूलाई समेट्ने गरी पाठ्यपुस्तकमा क्रियाकलापहरू समेट्नु पर्ने ।

**ङ)** उद्देश्य पूरा हुने गरी अभ्यासहरू समेटिनु पर्ने ।

**च)** समेटिएका चित्रहरू पर्याप्त नभएको हुँदा अझ बढी चित्रहरू समेट्नु पर्ने ।

**छ)** वाक्य संरचनामा सुधार गर्नुपर्ने ।

**ज)** आवरण पृष्ठ दह्रो, आकर्षक र रङ्गीन भएको देखिनुपर्ने ।

झ) पाठ्यपुस्तकमा मनोरञ्जनात्मक पाठहरू समावेश गरिनुपर्ने ।

ञ) पाठ्यपुस्तकमा प्रयोगात्मक र सीपमूलक पाठहरू समावेश गर्नुपर्ने ।

ट) माथिल्लो तहमा झैँ प्रत्येक पाठको अङ्कभार विभाजन गरिनुपर्ने ।

ठ) सीपसँग सम्बन्धित अभ्यासलाई बढी जोड दिनुपर्ने ।

ड) कार्यमूलक व्याकरणको परिचय सँगसगै उदाहरणसहित पर्याप्त अभ्यासहरू समावेश गरिनुपर्ने ।

ढ) सिर्जनात्मक शैलीका अभ्यासहरू राखिनु पर्ने ।

ण) भाषिक खेल विधिमा आधारित पाठहरू समेट्नु पर्ने ।

त) विद्यार्थीको उमेर, रूचि, स्तर अनुसारका पाठहरू समेट्नु पर्ने ।

थ) पाठ्यपुस्तकको कमजोर बँधाईलाई मजबुत खालको धागोले सिलाइ दह्रो पार्नुपर्ने ।

द) तोकिएको मूल्य खटाई सबैको पहुँचमा हुने गरी निर्धारण गर्नुपर्ने ।

# विषयसूची

## अध्याय : एक

## शोधपरिचय


| | |
|---|---|
| १. १. शोधशीर्षक | १ |
| १. २. शोधप्रयोजन | १ |
| १. ३. समस्याकथन | १ |
| १. ४. अध्ययनका उद्देश्यहरू | ३ |
| १. ५. अध्ययनको औचित्य | ३ |
| १. ६. पूर्वकार्यको समीक्षा | ५ |
| १. ७. अध्ययन विधि | ९ |
| १. ८. अध्ययनका सीमाहरू | ९ |


## अध्याय : दुई

## सैद्धान्तिक परिचय


| | |
|---|---|
| २. १. पाठ्यक्रमको परिचय | ११ |
| २. २. पाठ्यक्रमको परिभाषा | १२ |
| २. ३. भाषा पाठ्यक्रमका विशेषताहरू | १३ |
| २. ४. पाठ्यक्रका तत्वहरू | १४ |
| २. ५. उद्देश्य छनौटका आधारहरू | १७ |
| २. ६. विषयवस्तु छनौटका आधारहरू | १७ |
| २. ७. विषयवस्तु सङ्गठनका अधारहरू | १७ |
| २. ८. भाषा पाठ्यपुस्तकको परिचय र परिभाषा | १८ |
| २. ९. भाषा पाठ्यपुस्तकको परिभाषा | १९ |
| २. १०.पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध | २० |
| २. ११.भाषा पाठ्यपुस्तकका विशेषताहरू | २१ |
| २. १२.पाठ्यपुस्तकको आवश्यकता र महत्व | २५ |

## अध्याय : तीन

## निर्धारित पाठ्यपुस्तकको पाठ्यक्रमअनुरूपताको अध्ययन


३. १. पाठ्यक्रम अनुरूपताका आधारमा वर्तमान पाठ्यपुस्तकको अध्ययन २७

३. २. पाठ्यक्रमका उद्देश्यका आधारमा पाठ्यपुस्तकको अध्ययन २९

३. ३. कार्यमूलक व्याकरण ३६

३. ४. विधा र क्षेत्रका आधारमा पाठ्यपुस्तकको अध्ययन ४१

३. ५. पाठ्यपुस्तकको विशेषताका आधारमा वर्तमान पाठ्यपुस्तकको विश्लेषण ४१

३. ६. मूल्याङ्कनका दृष्टिले कक्षा ४ को नेपाली किताबको अध्ययन ४७

३. ७. पाठ्यवस्तुको नमुना अभ्यास विश्लेषण ५१


## अध्याय : चार

## निष्कर्ष र सुझावहरू


४. १. निष्कर्ष ५५

४. २. सुझावहरू ५७

सन्दर्भसूची

परिशिष्टहरू